
पैसा
पैसा
पैसा

यो कस्तो संसार हो, जहाँ हामी बिना पैसा केही पाउँदैनौं ? बजारमा जहाँ गए पनि हामीलाई पैसा चाहिएको छ। पैसाबिना कसैले हामीलाई खाना दिँदैन, पैसाबिना पसल-दोकानबा ट हामी रित्तो फर्किनुपर्छ किनभने सित्तैमा कुनै माल पाइँदैन। यसैकारण हरेक मानिस पैसाको पछि लागेको हामी देख्दछौं।

कुनै मानिसले पैसा कमाउनको निम्ति परिश्रम गर्दछ भने कसले पैसा सजिलो प्रकारले पाउने बाटो हेर्दछन्। कतिले लटरीमा गोला हालेर वा अन्य तरिकाहरूले एकैचोटि धेरै पैसा प्राप्त गर्ने आशा गर्छन्। कतिले 'सोझो औंलाले घिउ आउँदैन' भन्छन् र अरुलाई ठग्छन् वा छल गरेर अरुको सम्पत्तिमा हात हाल्छन्। यसरी नै धनी हुन खोज्नेहरु अति धेरै भइसके। यसले गर्द पैसा कामउने बाटो यही हो भन्ने विचार प्राय: सबैको हुन्छ। कुन शहर, कुन बजार, वा कुन गाँउ र बस्तीमा चोर लाग्दैन ? डकैती र हत्याको बारेमा हामी घरीघरी सुन्दछौं। संसारमा जिउन हामीलाई डर लागेको छ। यस्तो किन भएको छ ? के पैसाको खातिर होइन र ?

मानिसको निम्ति पैसा सबभन्दा मुख्य चीज भएको छ। पैसाको लागि मानिस जे पनि गर्न तयार छ। पैसा कमाउनको लागि मानिसहरु आफ्नो घर छोडेर हिँड्छन्, पैसाको पछि लागेर मानिसहरु आफ्नो शरीर र आत्मा बेच्छन्। पैसा कस्तो चीज रहेछ! हामी छक्कै पर्दछौं।

अब यो नभई नहुने पैसा को सम्बन्धमा हामीलाई एक-दुई कुरा बुझ्न खाँचो छ, नत्रभने पैसा र धनसम्पत्तिको पछि लागेर हामीले आफ्नो आत्मालाई गुमाउनुपर्छ। यसैले हामी तपाईलाई पवित्र बाइबलबाट पैसाको सम्बन्धमा हाम्रो सृष्टिकर्ता परमेश्वरको विचार के हो, सो बताउन चाहन्छौं।

**“रुपियाँ-पैसाको प्रेमचाहिँ सबै खराबीको जरा हो। यसको लोभ गर्दा कतिजना विश्वासबाट भड्किएका छन् र आफैलाई अनेकौं पीडाहरुले छेंडै-छेंड पारेका छन्।” (१ तिमोथी ६:१०)**

अवश्य पनि हामीलाई पैसा चाहिन्छ, तर पैसालाई माया गर्नुहुँदैन। किनभने यसैमा खराबीको जरा छ। पैसाको लोभ गर्नु चाहिँ सबै खराबीको शुरु हो। यसो गर्नेले जीवनको सत्य बाटो बिराउँछौँ र धेरै दु:ख पाउनैपर्छ।

**“तर धनी हुन खोज्नेहरु (पापका) परीक्षा र पासोमा पर्छन्, साथै धेरै मूर्ख र हानिकारक अभिलाषाहरुमा फस्दछन्, तिनैले मानिसहरुलाई बरबादी र विनाशभित्र डुबाउँछन्।” (१ तिमोथी ६:९)**

पैसा चाहिन्छ नै, तर धनी हुन खोज्नु खतरा कुरा हो, किनकि धनको खोजमा लाग्नेहरुको मनमा पापका अनगिन्ती अभिलाषाहरु जाग्दछन्। उनीहरु कहिल्यै सन्तुष्ट रहन सक्दैनन्। उनीहरुलाई यो चाहिन्छ, त्यो पनि चाहिन्छ; सबै थोक चाहिन्छ। यस्तो गर्दा गर्दै उनीहरु कता पुग्छन भन्ने कुरा तपाई याद गर्नुहोला - यस्तो हानि कसले भोग्न चाहन्छ र ? यसैकारण होशियार हुनुहोस् प्रिय मित्र, हिशियार !

हावार्ड भन्ने व्यक्तिको जन्म अमेरिकामा भएको थियो पछि उनी एक ज्यादै धनी र प्रसिद्ध व्यक्ति बने। उनले आफूले चाहेको जे पनि किन्न सक्थे र आफूले चाहेको ठाउँमा जान सक्थे। काठमाडौंमा भएका सबै मानिसको सम्पत्ति एकै ठाउँमा राखे पनि उनीसित त्यो भन्दा धेरै सम्पत्ति थियो। तर उनी सन्तुष्ट चाहिँ थिएनन्। उनी त्यो भन्दा पनि बढी चाहन्थे। उनलाई उझ धेरै पैसा चाहिएको थियो। जसबाट उनले आफ्नै पैसा लगानी गरेर खरबौं डलर बनाउन चाहन्थे। उनलाई अझ धेरै ख्याति चाहिएको थियो। त्यसैले उनी एक फिल्म निर्माता बने र चलतित्रको हिरो पनि बने। उनी अझ धेरै मोजमज्जा गर्न चाउन्थे। त्यसैले उनले थुप्रै पैसा अनैतिक कार्यहरुमा लगाए। उनलाई अझ धेरै मनोरञ्जन चाहिएको थियो। त्यसैले उनले संसारको सबैभन्दा छिटो उड्ने हवाइजहाज बनाए र उडाए पनि। जहिले पनि उनी धेरै भन्दा धेरै खोजिरहन्थे। यदि आफूसँग धेरै भएमा मात्र उनलाई सन्तुष्टि मिल्छ भन्ने उनको अवधारणा थियो। जब हामी उनको इतिहासलाई हेर्दछौं, हामी के देख्छौ भने हावार्डले आफ्नो

जीवनमा खोजेको जस्तो सन्तुष्टि उनले कहिल्यै पाएनन्। यो व्यक्तिले आफ्ना शरीरलाई ज्यादै दुब्लो, सुकेको छाती, नकाटिएको लामो फोहर नङ, कालो किरा लागेको दाँत, अनगिन्ती लागु पदार्थहरुद्धारा सुईका खतहरु बनाई आफ्नो जीवनको अन्त्य गऱ्यो। हावार्ड आफूसँग धेरै भएमा मात्र आफू खुसी रहन सक्ने विश्वासमै मरे। उनी लागु पदार्थ लिने एक खरबौंपति व्यक्ति थिए र अन्त्यमा उनी पागल भई मरे। उनको सम्पूर्ण पैसा, सम्पत्ति, ख्यातिले उनलाई शान्ति दिन सकेन।

**"तर सन्तुष्टतासितको भक्ति नै ठूलो लाभ हो। किनभने हामीले यस संसारमा केही पनि ल्याएनौं अनि यो निश्चित छ, हामी केही लैउान सक्दैनौं। तर खानेकुरा र वस्त्र छन् भने हामी त्यसैमा सन्तुष्ट होऔं।" (१ तिमोथी ६:६-८)**

हाम्रो भरोसा हामीले एकमात्र साँचो जिउँदो परमेश्वरमाथि राख्नुपर्थ्यो, हामीले केही ल्याएनौ र केही लैजान पाउँदैनौं भन्ने कुरा भुलेका छौं कि ? खाना र लाउनुमा को सन्तुष्ट रहन चाहन्छ ? परमेश्वरको भक्ति गर्नुमा कसले ठूलो लाभ देखेको छ ?

राम एक काठमाडौंका जवान मानिस हुन्। उनको परिवार धनी छ र उनको बुवा सरकारी जागिरको उच्च पदमा छन्। यद्यपि उनको बुवा जहिले पनि धेरै पैसा खोजिरहन्छन्। त्यसैले उनको आफ्नो छोरालाई कामको लागि विदेशमा पठाए। यही रामले इमेलबाट पठाएका केही उनका भावनाहरु यहाँ उद्‌त गरेका छौं :
"मैले आँसु नखसाली सुतेको कुनै रात नै छैन। जब म आफ्नो भविष्य, प्रेम, जीवन, मृत्यु, आफन्त र विगतलाई विचार गर्छु, आँसुहरु आफै बरर झर्न थाल्छन्। म आफ्नो टाउकोलाई सिरकले छोप्छु र सुत्न कोशिस गर्छु तर म सक्दै सक्दिनँ। तपाईलाई थाहा छ, म ईश्वरलाई एउटा कुराको लागि धन्यवाद दिन्छु, त्यो हो, "हरेक नै मर्नैपर्छ।" यदि ईश्वरले मृत्यु नबनाएको भए यी स्वार्थी र क्रूर मानवजातिले के गर्ने थिए होला ? तिनीहरुलाई थाहा छ, कुनै दिन तिनीहरु मर्नेछन् र पनि तिनीहरु अझै धेरै धेरै पैसा कमाउनको लागि दौडिरहेका छन्।

म काठमाडौंमा हुँदा मैले केही असल मित्रहरुलाई भेटेको थिएँ। तिनीरु अमेरिकन सेन्टरमा टोफल तयारीको लागि गएका थिए। मैले तिनीहरुलाई किन तपाईहरु त्यहाँ जानुहुन्छ भनी सोधेँ। तिनीहरुलको जवाफ सरल थियो, "अमेरिका" मैले सोधे, त्यहाँ गएर के गर्नुहुन्छ ? तिनीहरुले जवाफ दिए, "पैसा" त्यसपछि मैले प्रेम र ईश्वरको बारेमा सोधे, "के तपाई अमेरिकामा शान्ति र सन्तुष्टिको जीवन पाउनुहुन्छ भनेर विश्वास गर्नुहुन्छ ? तिनीहरुले भने, "सायद, पाउँछु होला" मैले तिनीहरुलाई सोधे, "नेपालमा उदाउने सूर्य र तारा, अमेरिकाको पनि त्यही होइन र ? यहाँ देखिने आकाश त्यहाँ पनि उस्तै होइन र ?" मैले तिनीहरुलाई विश्वस्ततासाथ आफ्नो भित्र हृदयमा शान्ति पाउने कोशिश गर्न अनुरोध गरें। अमेरिका, बेलयत, क्यानाडा, अस्ट्रेलिया जस्ता देशहरुमा आँखै नहेरि कुद्नुले तपाईलाई झन् धेरै अन्धा बनाउँछ।

एउटा कुरा मैले के भेट्टाए भने तिनीहरु जो विदेश जान कोशिश गर्छन्, तिनीहरु गरिब परिवारहरुबाटका होइनन् तर धनी र सम्पन्न परिवारहरुबाटका हुन्। मैले भन्न खोजेको चाहिँ यी व्यक्तिहरु बाहिर जानुमा कुनै कारण नै छैन। तिनीहरुसँग पैसा, खानदानी घर र सम्पन्न परिवार छ। वास्तविक रुपमा कसैलाई थाहा छैन के ले तिनीहरुलाई खुसी बनाइरहन सक्छ ? तिनीहरु खाली जान, जान, जान मात्र चाहन्छन्।"
पैसाको दौडको कहिल्यै पनि अन्त्य हुँदैन, बरु हाम्रो अन्त्य हुँदैछ। हामीहरु यसलाई जित्नको लागि यता उता दौडिरहेका छौं जुन हामीलाई थाहा छ कि त्यो हामीले कहिल्यै पनि पाउँदैनौं।

**"पहिले परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी गर, तब यी सबै थोकहरु तिमीहरुलाई थपिनेछन्।" (मत्ती ६:३३)**

हामी पशु होइनौं, तर मानिस भएका हुनाले खालि गाँस, वास र कपास खोज्नु ठीक छैन। हामीले आफ्नो सृष्टिकर्ता परमेश्वरलाई चिन्नुपर्छ, उहाँको अधीनतामारहीकन उहाँको इच्छाअनुसार चल्नुपर्छ; तब उहाँप्रति हामीले आफ्नो जिम्मेवारी पूरा गरेका हुन्छौं। तब उहाँले हाम्रो आवश्यकता पूरा गर्नुहुन्छ। के तपाई उहाँको खोजीमा हुनुहुन्छ ?

यही कुरा गरेपछि हामी तपाईलाई सबैभन्दा मुख्य कुरा बताउन चाहन्छौं। किनभने पैसाले धेरै काम गर्न सक्छ, तर हाम्रो आत्मालाई बचाउन सक्दैन।

**"परमप्रभुको क्रोधको दिनमा न त तिनीहरूको चाँदीले न तिनीहरूको सुनले तिनीहरूलाई बचाउन सक्दछ।" (सपन्याह १:१८)**

प्रिय मित्र, एकदिन हामीलाई मर्नुछ। त्यसपछि हामी न्यायमा परमश्वरको सामु उभिनुपर्छ। त्यतिखेर हाम्रो सम्पत्ति कुनै कामको हुँदैन। पापले गर्दा परमेश्वरले हाम्रो न्याय गर्नुहुन्छ। पैसाले मानिसको पाप क्षमा हुन सक्दैन। पैसाले भैतिक खाँचो मात्र पूरा गर्छ तर आत्मिक खाँचो भने केवल परमेश्वरले मात्र पूरा गर्न सक्नुहुन्छ। तपाईको पाप परमेश्वरमा ज्यादै घृणित कुरा हो। आज सबै मानिसमा पाप छ। मानिसमा पाप छ भन्ने कुरा दिनहुँ मानिसको जीवनबाट प्रदर्शन भइरहेको हुन्छ। मानिस चोरी गर्दछन्, मानिस झूट बोल्दछन् , मानिस लोभ गर्छन्, मानिस आफ्नो हृदयमा खराब-खराब कुरा जन्माउँछन्। . यी सबै कुराहरु पापको उपज हो।

यही पापकै कारण मानिसमा मृत्युको सजाय पनि आयो। अनि यही पापको कारण नै परमेश्वरले हाम्रो शरीर र आत्मालाई सदाको लागि नरकको ननिभ्ने आगोमा फाल्नुहुन्छ।

**"आफ्नो धनसम्पत्तिमा भरोसा गर्नेहरु र आफ्नो धनको प्रशस्ततामा अहङ्कार गर्नेहरुमध्ये कसैले पनि कुनै रीतिले आफ्नो भाइलाई मोल तिरेर छुटाउन सक्दैन, न त्यसको छुटकाराको दाम परमेश्वरलाई दिन सक्छ; किनभने तिनीहरुको प्राणको दाम ज्यादै छ र त्यो कहिल्यै पुग्दैन।" (भजनसंग्रह ४९:६-८)**

के नरकको आगोबाट छुटाउने दाम तपाईसँग छ ? तपाईले आफ्नो आत्माको बदलामा परमेश्वरलाई के दिनुहुन्छ ? यसको दाम ज्यादै छ। तपाईले जे दिनुभए तापनि तपाईले तिर्नुपर्ने दाम कहिल्यै पुग्दैन।

**"किनभने सारा संसार प्राप्त गरे तापनि मानिसले आफ्नो प्राणलाई चाहिँ गुमायो भने उसलाई के फाइदा भयो ? अथवा आफ्नो प्राणको सट्टामा मानिसले के देला ? (मत्ती १६:२६)**

मानिसको लागि भौतिक कुरा जति महत्त्वपूर्ण छ। त्यो भन्दा आत्माको कुरा सयौँ गुणा महत्त्वपूर्ण छ। मानिसको शारीरिक जीवन छोटो छ। कोही पनि सँधैभरि बाँचिरहन सक्दैन। एकदिन सबै मर्नैपर्छ। मृत्युपछि मानिसको धनको थुप्रोलाई परमेश्वरले हेरर आहो तिमीसँग त निकै धन रहेछ, ल अब तिमी मेरो न्यायबाट बाँच्यौं भनेर भन्नुहुन्न। तर जसको पाप क्षमा भएको छ, त्यो व्यक्तिलाई उहाँ ग्रहण गर्नुहुन्छ।

मित्र के तपाईको पाप क्षमा भएको छ ? छैन भने तपाईको लागि खुशीको कुरा यो छ: येशू प्रभु तपाईको पाप-क्षमा गरि तपाईलाई सधैभरि रहिरहने शान्ति दिन चाहनुहुन्छ। पैसाले पुर्याउन नसक्ने आनन्दको ठाउँमा तपाईको पाप क्षमा गरी प्रभु येशू पुऱ्याउन चाहनुहुन्छ।

यसकारण न्यायमा पर्नुअघि नै हामी तपाईलाई यो सन्देश सुनाउन चाहन्छौ: संसारको धनको पछि लागेर आफ्नो अनमोल आत्मालाई नगुमाउनुहो स्, तर समयमै आफ्ना पापदेखि परमेश्वरतिर फर्कनुहोस् र प्रभु येशूमाथि विश्वास गरि मुक्ति पाउनुहोस; किनभने जब प्रभु येशू काठको क्रूसमा कष्ट सही मर्नुभयो, तब उहाँले हाम्रो सबै पापका निम्ति छुटकारको दाम तिर्नुभयो। उहाँले हामीलाई अपार प्रेमले प्रेम गर्नुभयो र हामीले आफ्नो आत्माको लागि तिर्न नसक्ने दाम तिर्नुभयो। प्रभु येशूमा मुक्ति छ, उहाँमा अनन्त जीवन छ। पश्चाता प गर्नुहोस् र जिउँदो प्रभु येशूलाई पुकार्नुहोस् र बिनापैसा, सित्तैमा मुक्तिको दान ग्रहण गर्नुहोस्।

# तपाईको प्रश्न बाइबलको जवाफ

**(१) मैले ईश्वरलाई देखेकै छैन भने म कसरी विश्वास गर्न सक्छु र ?**

हामीले ईश्वरलाई नदेखे तापनि विश्वास गर्न सकिने तीन प्रमाणहरू छन्।

१. सृष्टि: सृष्टि गरिएका कुराहरू जस्तै आकाश, तारा, बोटविरुवा, पहडा, जुन अचम्म तरिकाले रहेका छन्। यी सृष्टिका थोकहरूले ईश्वरको अस्तित्वलाई प्रकट गरिरहेका छन्।

२. बाइबल: बाइबल अकाट्य पुस्तक हो। जुन मानिसको लागि परमेश्वरले आफ्नै प्रेरणाद्धारा यस संसारमा दिनुभएको छ। बाइबलको प्रकाशद्धारा ईश्वरको अस्तित्वलाई विश्वास गर्न सकिन्छ।

३. विवेक: हरेक मानिसमा असल खराब छुट्याउने ईश्वरले विवेक राखिदिनुभएको छ। चोर्नु हुँदैन, रिसाउनु हुँदैन, झूट बोल्नु हुँदैन भन्ने कुरा मानिस भित्र छन्। यदि मानिसले चोर्छन् भने मानिसको आफ्नै विवेकले दोषी ठहराउने कार्य गर्दछ। ईश्वर हुनुहुन्छ भन्ने कुरा पनि मानिसको विवेकले भनिरहेको हुन्छ। मैले चोरे, झूट बोले भने ईश्वर रिसाउनुहुन्छ भन्ने विवेकको प्रकाश मानिसभित्र छ। माथिका यी तीन कुराहरूद्वारा परमेश्वर हुनुहुन्छ भनी हामी विश्वास गर्न सक्छौं।

**(२) बाइबल सत्य छ भन्ने कुरा हामी कसरी थाहा पाउन सक्छौ ?**

बाइबलमा जति पनि भविष्यवाणी गरिएका छन्, ती अक्षरस रुपमा पूरा हुँदै आइरहेका छन्। अझ सम्म कुनै पनि भविष्यवाणी अपूरो भएको छैन। यदि बाइबल परमेश्वरकै वचन नहुँदो हो र केवल यो मानिसको विचार, सिद्धान्त, दर्शन भएको भए यसमा धेरै गल्ती, त्रुटी हुन्थ्यो। तर बाइबल परमेश्वरको वचन भएको कारण यसमा भएको हरेक घटना, ठाउँ, व्यक्ति वास्तविक हुन् र ऐतिहासिक रुपमा प्रमाणित भएका छन्। बाइबल परमेश्वरको आफ्नै वचन भएको कारण पनि यो सत्य छ। मानिसले परमेश्वरकै प्रेराणाद्वारा बाइबल लेखेका हुन् तर आफ्नै ज्ञान समझ र बुद्धिले होइन। बाइबलमा २ पत्रुस १:२०-२१ मा यस्तो लेखिएको छ:- पहिले यो जान पवित्रशास्त्रको कुनै पनि भविष्यवाणी आफ्नो निजी व्याख्याबाटा भएको होइन। किनकि कुनै पनि समयमा भविष्यवाणी मानिसको इच्छाद्वारा आएन, तर परमेश्वरका पवित्रजनहरू पवित्र आत्माद्वारा प्रेरणा पाएर बोले।

**(३) यदि एक मात्र परमेश्वरले हामीलाई बनाउनुभयो र हामीलाई प्रेम गर्नुहुन्छ भने किन आज यस संसारमा हामीसँग दु:ख, कष्ट र बिमारी अवस्था छ त ?**

परमेश्वरले मानिसलाई आफ्नो महिमाको लागि बनाउनुभयो र उहाँले संसारका सबै मानिसलाई प्रेम पनि गर्नुहुन्छ। तर पनि मानिसमा दु:ख, कष्ट र रोग बिमार छ। यो सत्य कुरा हो। पहिलो कुरा परमेश्वरले मानिसलाई कष्ट होस्, पीडा होस् भनेर बनाउनुभएन। मानिसले परमेश्वरलाई आदर गरोस्, उहाँको इच्छा र योजनामा जिओस् भनेर बनाउनुभयो, तर दु:खको कुरा मानिस आफैले परमेश्वरको महिमा र आदरलाई त्यागेर परमेश्वरको आज्ञा भङ्ग गरि आफ्नो जीवनमा पापलाई ठाउँ दिए। जुन पापको परिणाम नै मानिसमा मृत्यु, रोग बिमारी, अभाव, दु:ख कष्ट, जस्ता कुराहरूको सृजना भयो। परमेश्वरले मानिसलाई बनाउनुहुँदा मानिसमा पाप थिएन। पाप नभएको कारण मानिसको परमेश्वरसँग आत्मिक सङ्गति थियो, तर मानिसले परमेश्वरलाई त्यागेपछि मानिस दु:ख कष्टको जंजालमा फस्न पुगे। त्यसपछि परमेश्वरले मानिसलाई प्रेम गर्नु भएकोले फेरि मानिसलाई आफ्नो अनन्त महिमाको लागि ग्रहणयोग्य बनाउन मानिसको पाप क्षमा गर्ने बाटो येशू ख्रीष्टद्वारा तयार पर्नुभयो। पापले मानिसमा मृत्यु, दु:ख र कष्टको श्राप ल्यायो भने येशूद्वारा मानिसको पाप क्षमा भई मृत्यु पश्चात अनन्तसम्म परमेश्वरको महिमाको लागि एउटा बाटोको पुनर्निर्माण गऱ्यो। त्यसैले प्रभु येशूमा मात्र एउटा पापी दु:ख, कष्ट र गरिबी अवस्थामा पनि आनन्दित हुन सक्दछ। किनभने मृत्युपछि मानिसले अनन्तको लागि येशू ख्रीष्टको कारण परमेश्वरको महिमामा र उहाँको स्वर्गीय स्थानमा प्रवेश पाउनेछन्। के तपाई पनि प्रभु येशूकहाँ विश्वासद्वारा आउन चाहनुहुन्छ ? चाहनुहुन्छ भने तपाईले पनि येशूमा यो सत्य आशा पाउनुहुनेछ। बाइबलमा प्रभु येशूका एजजना चेलाले दु:ख कष्टमा जिउने प्रभु येशूका चेलाहरूलाई यसरी सान्त्वना दिएका छन्। **"किनकि म ठान्दछु यस वर्तमान समयका दु:ख कष्टहरू त्यस महिमासँग तुलना गरिने योग्यका छैनन्, जो हामीमाथि प्रकट हुनेछ।" (रोमी ८:१८)**

**(४) के डाक्टरहरू र वैज्ञानिकहरूले ख्रीष्टियन धर्ममा विश्वास गर्छन् ?**

धेरै डाक्टरहरू र वैज्ञानिकहरूले प्रभु येशूलाई आफ्नो जीवनको उद्धारकर्ताको रुपमा स्वीकार गरेर पछ्याएका छन्। डाक्टरहरू र वेज्ञानिकहरूले परमेश्वरको अस्तित्वलाई स्वीकार गरेका छन्।

**(५) के सबै धर्मले एउटै ईश्वरकहाँ पुऱ्याउँछ ?**

सबै धर्महरूले एउटै ईश्वरकहाँ कदापी पुऱ्याउँदैन। पवित्र परमेश्वरकहाँ जान मानिसलाई रोक्ने बाधक तत्व पाप हो। धर्महरूले मानिसलाई असल जीवन जिउन सिकाउँछ। राम्रो गर, नराम्रो नगर भन्ने धर्मले सिकाउँछ। तर बाइबलले भन्दछ, "राम्रो गरेर अथवा असल कार्य गरेर ईश्वरकहाँ पुग्न सकिदैंन।" किनभने मानिसको असल कार्यले मानिसको हृदयमा भएको पाप फुत्त निकालेर लाँदैन। छालामा लागेको मैलो जस्तो पाप होइन। किनभने छालामा लागेको मैलोलाई सफा बनाउन सकिन्छ। तर हृदयको मैलोलाई सफा बनाउने कुनै पनि केमिकल संसारमा नभएको कारण परमेश्वरले नै मानिसको हृदयको पाप क्षमा गर्न एउटा बाटो बनाउनुभयो। त्यो बाटो कुनै धर्म होइन। तर येशू ख्रीष्ट मात्र हुनुहुन्छ। येशूले भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ मद्वारा बाहेक कोही पनि परमेश्वर पिताकहाँ आउँदैन" (यूहन्ना १४:६)। बाइबलमा एक ठाउँमा यस्तो लेखिएको छ, "किनकि हामीलाई परमेश्वरकहाँ पुऱ्याउनलाई ख्रीष्टले पनि धर्मीले अधर्मीहरूका निम्ति - पापहरूका लागि एकपल्ट दु:ख भोग्नुभयो र शरीरमा मारिनुभयो, तर आत्माद्वारा जीवित पारिनुभयो।" (१ पत्रुस ३:१८)

**(६) मैले मुक्ति पाउन के गर्नुपर्छ ? बाइबलले यसको बारेमा के भन्छ ?**

बाइबलले भन्दछ, "मुक्ति पाउनको लागि पाप क्षमा हुनु पर्दछ।" पाप के हो भन्ने कुरा बाइबलमा यसरी लेखिएको छ, "किनभने भित्रबाट नै अर्थात् मानिसहरूको हृदयबाट नै खराब विचार, परस्त्रीगमन, व्यभिचार, हत्या, चोरी, लोभ, दुष्टता, छल, कामुकता, कुदृष्टि, निन्दा, घमण्ड, मूर्खता निस्कँदछन्; यी सबै खराब कुराहरू भित्रबाट नै निस्कँदछन् र मानिसलाई अशुद्ध पार्दछन्।" (मर्कूस ७:२२-२३) त्यसैले पाप छालाको मैलो नभई हृदयको मैलो हो। तसर्थ हाम्रा प्रयास, असल जीवन र धर्म-कर्मद्वारा पाप धुने प्रयास गर्नु भनेको कागलाई नुहाएर बकुला बनाउन खोजे जस्तो मात्र हो। तर खुशीको कुरा येशू ख्रीष्टको बलिदानमा तपाई विश्वास गर्नुहुन्छ भने तपाईको पाप धोइनेछ। कारण उहाँ तपाईलाई पापबाट छुट्कारा दिन यस संसारमा आउनुभएको हो। बाइबलमा यसरी लेखिएको छ: किनकि धर्मी मानिसको निम्ति मुस्किलले कोही मर्ला कि ! तर परमेश्वरले हामीतर्फ आफ्नो प्रेम यसैमा प्रकट गर्नुहुन्छ - हामी पापी हुँदा-हुँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो। यसकारण अब उहाँको रगतद्वारा क्रोधबाट बचाइनेछौं। किनकि शत्रु हुँदाखेरि उहाँको पुत्रको मृत्युद्वारा परमेश्वरसित हाम्रो मिलाप भयो भने मिलाप भएपछि त झन् बढ्ता गरी उहाँको जीवनद्वारा हामी बचाइनेछौं। अनि यति मात्र होइन तर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा हामी परमेश्वरमा आनन्द पनि मनाउँछौं, उहाँद्वारा अब हामीले मिलाप पाएका छौं। (रिमी ५:६-११) तसर्थ यदि तपाई आफ्नो मुखले प्रभु येशूलाई स्वीकार गर्नुहुन्छ भने, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो भनी आफ्नो हृदयले विश्वास गर्नुहुन्छ भने तपाईले मुक्ति पाउनु हुन्छ। बाइबलमा यसरी लेखिएको छ: - किनकि धार्मिकताका निम्ति हृदयले विश्वास गरिन्छ, र मुक्तिका निम्ति मुखले स्वीकार गरिन्छ। किनकि पवित्रशास्त्रले भन्दछ: 'उहाँमाथि विश्वास गर्ने हरेक शर्ममा पर्नेछैन।' किनकि यहूदी र ग्रीकमा कुनै भिन्नता छैन; किनकि उहाँ जो सबका प्रभु हुनुहुन्छ, आफूलाई पुकार्नेहरूका निम्ति धनवान् हुनुहुन्छ। किनकि प्रभुको नाम पुकार्ने हरेकले मुक्ति पाउनेछ।